आज मिति २०७१ साल पौष २९ गते मंगलबार अपरान्ह १:०० बजे नेपाल सरकारबाट प्रत्यायोजित अधिकार बमोजिम यस कीर्तिपुर नगरपालिकाको आगामी आ.व. ०७२/०७३ का लागि २० औं नगरपरिषदको बैठक, यस नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री दिनेश प्रसाद थानीज्यूको अध्यक्षतामा कीर्तिपुर नगरपालिका वडा नं. २ देवढोका स्थित नगरपालिका कार्यालय भवनको सभाकक्षमा बसी देहाय बमोजिम उपस्थिती र निर्णय गरियो ।

उपस्थिती :-

क.सं.	पद	नाम थर	दस्तखत
१.	प्रमुख एवं कार्यकारी अधिकृत	श्री दिनेश प्रसाद थानी	
२.	वरिष्ठ लेखा अधिकृत	श्री सानुबाबु परियार	
३.	इन्जिनियर	श्री बालकृष्ण महर्जन	
४.	इन्जिनियर	श्री कृष्णभोला महर्जन	
५.	शाखा अधिकृत	श्री सुजिन्द्र महर्जन	
६.	शाखा अधिकृत	श्री अनुज प्रधान	
७.	शाखा अधिकृत	श्री जनक थापा	
८.	लेखा अधिकृत	श्री नरेन्द्र महर्जन	
९.	जुनियर इंन्जिनियर	श्री ब्रिटिश सिं	
१०.	कम्प्युटर अपरेटर	श्री चन्द्रमाया महर्जन	
११.	जुनियर इंन्जिनियर	श्री रविन प्रसाद फैजु	
१२.	जुनियर इंन्जिनियर	श्री राजु महर्जन	
१३.	खरिदार	श्री काजीराम मालाकार	
१४.	खरिदार	श्री ज्ञानबज्र महर्जन	
१५.	खरिदार	श्री दिपक महर्जन	
१६.	खरिदार	श्री सृजना महर्जन	
१७.	खरिदार	श्री राजकपुर श्रेष्ठ	
१८.	खरिदार	श्री महेन्द्र काजी शाक्य	
१९.	खरिदार	श्री विष्णुहरी बस्नेत	
२०.	खरिदार	श्री राजेश महर्जन	
२१.	खरिदार	श्री बासुदेव श्रेष्ठ	
२२.	शहरी शासन विज्ञ	श्री हेमराज शाही	

निर्णय नं. १ :-

यस कीर्तिपुर नगरपालिकाको आगामि आर्थिक वर्ष २०७२/०७३ को लागि नगरपालिका बोर्ड बैठकबाट प्रस्ताव गरिएको रु. १७,४०,५६,४००।०० (अक्षरुपी :- रु सत्र करोड चालिस लाख छपन्न हजार चार सय) को अनुमानित आय-व्यय (बजेट), वार्षिक योजना तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :-

यस कीर्तिपुर नगरपालिकाको गत आ.व. ०७०/०७१ को यथार्थ आय-व्यय विवरण र चालु आ.व. २०७१/०७२ को पहिलो पाँच महिना (२०७१ श्रावण मसिर मसान्त) सम्म को यथार्थ आय व्यय विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :-

२०७०/९/२८ को १९ औं नगरपरिषद बैठकले विगतको सेवाशुल्क, कर, दस्तुरलाई प्राकृतिक न्यायको सिद्धान्त अनुकुल हुने गरी वैज्ञानिक बनाउन विभिन्न पक्षहरुसँग छलफल, दररेटहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गरेको सेवाशुल्क, कर, दस्तुरको दररेटमा वृद्धि नगरी आगामी आ.व. ०७२/०७३ का लागि नगरस्तरीय राजश्व परामर्श समितिको सिफारीस समेतका आधारमा साविकको दररेट कायम गर्ने निर्णय गरियो । साथै करिब १५ वर्ष अघिदेखि स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम घरको मूल्याङ्कन एवं मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको यस नगरक्षेत्रको जग्गाको मूल्यको आधारमा जग्गाको मूल्याङ्कन गरी घर जग्गा कर निर्धारण र मालपोत कार्यालयले निर्धारण गरेको मूल्यकै आधारमा घरबाटो प्रमाणित एवं चारकिल्ला सिफारिस दस्तुर लिइदै आएकोमा चालु आ.व. २०७१/०७२ मा मालपोत कार्यालय कलंकीले यस नगरक्षेत्रका जग्गाहरुको मूल्य अनपेक्षित रुपमा वृद्धि गरेको र घरजग्गा कर सम्बन्धी प्रचलित कानूनमा समय सापेक्ष सुधार नहुँदा घर जग्गा कर तथा घरबाटो प्रमाणित र चारकिल्ला सिफारिसको दस्तुरमा वृद्धि भै नगरवासीहरुले असहजता महशुस गरेको तथ्य र राजनैतिक दलहरुबाट यस सम्बन्धमा पूनर्विचार गर्न प्राप्त सुझावहरुलाई समेत मध्यनजर गरी गत १९ औं नगरपरिषदको निर्णय एवं नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा निम्न व्यहोरा संशोधनका लागि नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

(क) प्रचलित कानुन अनुसार घरजग्गा कर निर्धारण गर्दा घर र सो घर रहेको पुरै कित्ता जग्गा मूल्यांकन गरिने हुँदा धेरै क्षेत्रफल भएको जग्गामा, जग्गाको मालपोत पनि तिर्ने र पूनः घरजग्गा कर समेत सहित जग्गाको मूल्यांकन गरी तिर्नुपर्दा दोहोरो पर्न जाने तथ्य समेतलाई हृदयँगम गरी ८ (आठ) आना क्षेत्रफलसम्मको जग्गाका लागि साविक बमोजिम नै र सो भन्दा बढी क्षेत्रफलको जग्गाको सन्दर्भमा उक्त जग्गामा निर्मित घर कम्पाउण्डले चर्चिएको जग्गा वा ८ आना मध्ये जुन बढी हुन्छ सो को मात्र मूल्यांकन गरी कर निर्धारण गर्नु पर्ने ।

(ख) मालपोत कार्यालय कलंकीले यस क्षेत्रका जग्गाहरुको रजिष्ट्रेशन प्रयोजनका लागि तोक्ने दर यथार्थपरक र वास्तविकतामा आधारित होस भन्ने अभिप्रायले स्थानीय निकाय, राजनैतिक दलहरु एवं सरोकारवाला पक्षहरुको आपसी सहमतिमा तोक्ने व्यवस्था हुनु पर्ने ।

(ग) विगत १५ वर्ष (२०५६ साल) देखि प्रचलनमा रहेको स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १४० को अनुसूची ८ बमोजिम घरको मूल्याङ्कन एवं कर छुटको सिमा समयसापेक्ष सुधार गरिनुपर्ने ।

निर्णय नं. ४ :-

यस नगरक्षेत्रका उद्योग, व्यवसाय, पसल आदि सम्पूर्णलाई करको दायरामा ल्याउन दर्ता तथा नविकरण कार्यको लागि घरदैलो अभियानलाई निरन्तरता दिने साथै नगरपालिकाको आदेश, निर्देशन नमान्ने, अटेर गर्नेलाई कालोसूचि सम्बन्धी निर्देशिका, २०६९ अनुसार कारवाही गर्ने निर्णय गरियो । (नागरिकता सिफारिस र नाता प्रमाणपत्र (मत भैसकेको) बाहेक)

निर्णय नं. ५ :-

चालु आ.व.०७१/०७२ को लागि गत आ.व. ०७०/०७१ को मिति २०७०/९/२८ मा सम्पन्न १९ औं नगरपरिषदको सहित गरेको चालु आ.व. ०७१/०७२ को वार्षिक बजेट, योजना तथा कार्यक्रममा छलफल आएर अतिरिक्त प्राप्त हुँदा बजेट कटौती भएको, सो समसमा उक्त आ.व. को बैक तथा नगद मौज्दात पुष्टि गर्न लगाउने तथा चालु आ.व. मा आएर कर्मचारीहरुको तलब भत्तामा वृद्धि भएकोले थप हुने रकमहरुलाई समावेश गर्दा चालु आ.व. को कुल वार्षिक आय व्यय बजेट रकम कुल रु १७,९३,६४,८४५।०० (सत्र करोड तेत्तीस लाख चौसठ्ठी हजार आठ सय पैतालिस र पैसा एकहत्तर मात्र) को संशोधित आय व्यय अनुमान, तत्पश्चात प्रतिवेदन एवं योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो । (संशोधित आय व्यय अनुमान, तत्पश्चात प्रतिवेदन एवं योजना तथा कार्यक्रमहरु (अनुसूचि २) पछाडी टाँस गरिएको छ ।

निर्णय नं. ६ :-

यस नगरपालिकाको चालु आ.व. २०७१/०७२ को संशोधित वार्षिक कार्य योजना तथा वार्षिक खरिद योजनाका साथै आगामी आ.व. २०७२/०७३ को लागि तयार गरिएको वार्षिक कार्य योजना तथा वार्षिक खरिद योजना पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :-

यस कीर्तिपुर नगरपालिका क्षेत्र भित्रका अनुसूचि ३ मा उल्लेखित योजनाहरु विशेष प्राथमिकता प्राप्त योजनाहरु भएको र नै यी योजनाहरु कार्यान्वयन गर्नका लागी नगरपालिकाको न्यून आन्तरिक साधन श्रोतबाट संभव नभएकोले योजनाहरुलाई नेपाल सरकारको केन्द्रीय स्तरका योजनाहरुमा समावेश गरी तदनुसारको बजेट विनियोजन भै कार्यान्वयन गरिदिनका लागि नेपाल सरकारका सम्बन्धित केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :-

यस कीर्तिपुर नगरपालिका कार्यालयको गत आ.व.२०७०/०७१ को अन्तिम लेखापरीक्षणका लागि नियुक्त रजिष्टर्ड अडिटर श्री मदन बहादुर महर्जनबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन पेश भई छलफल हुदाँ निम्नानुसार गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

- बेरुजु नआउने गरी आर्थिक कारोबार गर्ने,
- पेश्कीमाथि पेश्की नदिने,
- दिइएको पेश्की अविलम्ब फछ्यौट गर्ने,
- प्रभावकारी रुपमा पेश्की तथा बेरुजु फछ्यौट गर्न एउटा कार्यटोली नै बनाई कारवाही अगाडी बढाउने ।
- प्रशासनिक खर्चलाई सीमाबद्ध गर्ने
- आर्थिक सहायता, चन्दा, पुरस्कार र शुभकामना विज्ञापन खर्चलाई निरुत्साहित गर्ने ।

निर्णय नं. ९:-

यस कीर्तिपुर नगरपालिका कार्यालयको चालु आ.व. ०७१/०७२ को अन्तिम लेखापरीक्षण गर्नका लागी रजिष्टर्ड लेखापरीक्षकको नियुक्ति गर्न र पारिश्रमिक तोक्ने सम्बन्धी अधिकार नगरपालिका बोर्डमा प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :-

यस नगरपालिकाले परम्परागत नगदमा आधारित पद्धतीबाट लेखा प्रणाली व्यवस्थापन गर्दै आएकोमा बदलिंदो परिवेशमा समयानुकूल बनाउन प्रोदभावी लेखा प्रणाली अवलम्बन गर्न गत नगरपरीषद्बाट शुभारम्भ गरीएको कार्यको यस वर्ष सम्पन्न हुन बांकी रहेका कामहरु आगामी वर्षमा पनि निरन्तरता दिइ सम्पन्न गर्ने नीति लिइयो ।

निर्णय नं. ११ :-

यस कीर्तिपुर नगरपालिकाको पदपूर्ति समितिका अध्यक्ष श्री कृष्ण प्रसाद नापितले पेश गर्नुभएको आ.व. २०७०/०७१ मा पदपूर्ति समितिबाट भए गरेका कामहरुको प्रतिवेदन आजको बैठकमा पेश भै, छलफल गरी सो को अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :-

नगरस्तरिय राजश्व परामर्श समितिको प्रतिवेदन बैठकमा प्रस्तुत भै सो उपर छलफल गरी अनुमोदन गरियो । साथै उक्त समितिकै सिफारीस अनुसार आगामी आ.व. २०७२/०७३ का लागि आन्तरिक आय तर्फ रु. ३,८०,७०,४००.०० (अक्षेरुपि :- तीन करोड असी लाख सत्तरी हजार चार सय मात्र) को आन्तरिक राजश्व प्रक्षेपण गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :-

यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व.०७२/०७३ को तलबी प्रतिवेदन पारित गर्दै साविकदेखि कर्मचारीहरुले पाउदै गरेको प्रोत्साहन सुविधा तथा नेपाल सरकारले तोकेको महंगी भत्तालाई यथावतै कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ :-

यस कीर्तिपुर नगरपालिकाको गत आ.व. ०७०/०७१ र चालु आ.व. ०७१/०७२ को हालसम्म भएको नगरपालिका बोर्ड बैठक तथा कार्यकारी अधिकृतबाट बोर्डको पदेन अधिकार बमोजिम भए गरेका निर्णयहरुको बिश्लेषण समिक्षा गरी सो को अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १५ :-

यस नगरपालिकाको गत आ.ब. ०७०/०७१ मा सम्पन्न भई बिभिन्न मितिमा बसेको नगरपालिका बोर्ड बैठकको निर्णयहरुबाट फरफारक गरी अन्तिम भुक्तानी भएका बिभिन्न योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १६ :-

नगरपालिकाको आफ्नै भवन निर्माण गर्नका लागि नेपाल सरकारसँग अनुरोध गरिएकोमा हाल यस नगरपालिकाको वडा नं. ३ स्थित कि.नं. २ र ३ क्षे.फ. ६४३.८० व.मि. जग्गा प्राप्त गरिसकेको अवस्था छ । भवन निर्माणको लागि कूल लागत रु १३ करोड ५३ लाख ९३ हजार ९७ रुपैया रहेको छ । यस आ.व. मा भवन निर्माणका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट १ करोड र यस न.पा.को आन्तरिक श्रोतबाट १ करोड ३४ लाख विनियोजन गरिएको छ । भवन निर्माण कार्य यसै वर्ष शुभारम्भ गरी बजेट अभावका कारण आगामी वर्षहरुमा क्रमश: निर्माण गर्दै जाने र आवश्यक बजेट व्यवस्था गरिदिनका लागि नेपाल सरकारलाई बहुवर्षीय योजनामा समावेश गरी भवन निर्माण सम्पन्न गर्न सहयोगका लागि पहल गर्दै जाने निर्णय गरियो ।

निर्णय नं १७ :-

यस नगरपालिकाको देहायका कार्यक्रमहरुलाई सार्वजनिक निजी साझेदारी (Public – Private Partnership) को अवधारणा अनुसार संचालन गर्ने निर्णय गरियो ।

क) फोहोर मैला व्यवस्थापन

ख) पार्क निर्माण, व्यवस्थापन र संचालन

ग) सार्वजनिक शौचालय संचालन

निर्णय नं. १८ :-

गत नगरपरिषद्ले निणर्य गरिसकेको नगरलाई क्रमशः खुल्ला दिशा मुक्त गर्दै जाने अभियान अनुसार यस नगरपालिकामा नगरस्तरीय खानेपानी, सरसफाई तथा स्वास्थ्य समन्वय समिति गठन भै प्रकृया अघि बढी सकेको हुँदा यस आ.व.मा वडा न. १, २, ३, ४, ५, ६ र १७ गरी जम्मा सात वटा वडाहरुलाई खुल्ला दिशा मुक्त वडा घोषणा गर्न दातृ निकायहरुसंग सहयोग र समन्वय गरी नगरपालिकाको समेत श्रोत परिचालन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ भने आगामी आ.व. २०७२/०७३ का लागि वडा न. ९, १०, ११, १६ र १९ गरी जम्मा ५ वटा वडाहरुलाई खुल्ला दिशामुक्त घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ :-

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको व्यवस्थापन बोर्डमा कीर्तिपुर नगरपालिकाको समेत हिस्सेदारी कायम गर्नका लागि यस नगरपालिकाले खानेपानी व्यवस्थापनको क्षेत्रमा हालसम्म गरेको योगदानको आधारमा हिस्सेदारी सदस्य दावी गर्ने निर्णय गरियो ।

निर्णय नं. २० :-

यस कीर्तिपुर नगरपालिका क्षेत्रका सामाजिक सुरक्षा भत्ता पाउने लक्षित वर्गहरुलाई चालु आ.व. ०७१/०७२ को प्रथम चौमासिक देखि कृषि विकास बैंक शाखा कार्यालय कीर्तिपुरद्वारा सम्बन्धित व्यक्तिहरुका नाममा खाता खोली वितरण गर्ने व्यवस्था भैरहेकोले सो वितरण गरी बैंक मार्फत विवरण प्राप्त भएपछी सामाजिक सुरक्षा भत्ता वितरणको सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ :-

एकातिर कीर्तिपुर नगरपालिकाका विभिन्न ठाउँहरुमा अव्यवस्थित रुपमा जमिनको सतहमै प्रशस्त मात्रामा पानी खेर गईरहेको छ भने अर्कातिर कीर्तिपुरवासीहरुको सक्रिय सहभागीतामा पाचँ लाख लिटरसम्मका पानीका टयाङ्कीहरु बनाईएका भएपनि पानीको संकलन गर्ने व्यवस्था नहुदाँ त्यसै खाली रहीरहेका छन् । यसलाई व्यवस्थितपूर्वक परिचालन गर्न सकेमात्र पनि कीर्तिपुरवासीलाई पिउने पानीको कुनै समस्या हुने थिएन । कीर्तिपुर नगरपालिकाको दक्षिण सिमानामा रहेका पानीका प्राकृतिक श्रोतहरु (दुधपोखरी, सिम झ्वाहिटी , बुढाथोकी गाउँ र नौमूले) मुहानको संरक्षण गर्न, वन जंगल तथा सिमसार क्षेत्रको संरक्षण गरी पानीको रिचार्ज हुने अवस्था कायमै राख्ने समेत व्यवस्था मिलाई समग्र कीर्तिपुरवासीको पीउने पानीको आवश्यकता परिपूर्ति हुने खालको वृहत खानेपानी आयोजना सञ्चालन गर्नका लागि वडा नं ७ स्थित सिम झवाहिटी खानेपानी मुहान संरक्षण, संम्वर्धन र क्षमता अभिवृद्धि गर्न यस १० नं. निर्वाचन क्षेत्रबाट निर्वाचित संविधान सभाका मा. सदस्य, राजनैतिक दलहरु एवं नगरपालिकाको संयुक्त पहलमा कुल लागत रु १७ करोड ३० लाखको खानेपानी योजना संचालन गर्न नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र यस नगर पालिका सहमत भै सो मध्ये जग्गा व्यवस्थापनका लागी नेपाल सरकार खानेपानी व्यवस्थापन बोर्ड ले रु ११ करोड २० लाख, काठमाडौं उपत्यका खानेपानी

लिमिटेडले रु ४ करोड १० लाख र यस नगरपालिकाले रु २ करोड बेहोरी संयुक्त लगानी गर्ने निर्णय अनुसार भैसकेको साथै चालु आ व मै सुनदरी घाटबाट खेर गैरहेको करिब १५ हजार लिटर खानेपानी मध्ये उक्त स्थानबाट लोकतान्त्रीक चोक सम्म खानेपानी व्यवस्थापन बोर्डबाट पाइप लाईन बिच्छयाई ठयङ्गला क्षेत्रमा खानेपानी वितरण शुरु भैइसकेको र सोही सुन्दरी घाटदेखी वडा न. १८ भाजंगल स्थित खानेपानी ट्याङ्कीसम्म ६ इन्च डि. आई पाइप बिच्छयाउने यस नगरपालिको स्था.वि.शुल्क जगेडा कोषको योजना सचालन संधीय मामिला तथा स्थानिय विकास मन्त्रालय बाट स्वीकृत भैसकेको र आगामी आ व मा समेत राजनैतिक दलहरु एवं नगरपालिकाको संयुक्त पहलमा खानेपानी आयोजनालाई उच्च प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय नं. २२ :-

धार्मिक, पुरातात्विक एवम् प्रचिन कला र संस्कृतिको उत्कृष्ट नमुनाको रुपमा अध्यापी जीवन्त रहेको विश्वकै ऐतिहासिक बाघ भैरव मन्दिर, उमामहेश्वर मन्दिर, चिलन्चो विहार, आदिनाथ मन्दिर, उपत्यकाकै ४ गणेश मध्येको १ जलविनायक मन्दिर, उपत्यकाकै एकमात्र प्राकृतिक तालका रुपमा रहेको टौदहको संरक्षण र संवर्द्धन विभिन्न क्षेत्र र निकायहरुबाट गर्दा गर्दै पनि जीर्ण र मासिने अवस्थामा पुगेको छ । यी हाम्रा ऐतिहासिक धरोहर र पर्यटन व्यवसायको लागि प्रमुख श्रोत पनि हुन । यस्ता ऐतिहासिक धरोहर, कला र वास्तुका उत्कृष्ट नमूनाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि यिनीहरुलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न जरुरी देखिएकाले यसका लागि आवश्यक व्यवस्था मिलाईदिन संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संधीय मामिला तथा स्थानीय विकास मन्त्रालय लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ । साथै नेपालका प्रमुख पर्यटक स्थलहरुको सूचीमा कीर्तिपुरलाई पनि समावेस गरी पर्यटकहरुको नेपालको प्याकेजमा कीर्तिपुरलाई पनि राष्ट्रिय रुपमै समावेश गर्ने व्यवस्थाका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायत सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २३ :-

कीर्तिपुर नगरपालिका क्षेत्रभित्रका अधिकांश वडाहरुमा पूनः नापी गर्ने कार्य गर्न अझै बाँकी रहेको र नापी भईरहेको वडाहरुमा पनि तिव्र गतिका साथ काम नभइरहेकोले नगरवासीहरुलाई कठिनाई उत्पन्न भएको हुँदा सो कार्यलाई प्राथमिकता दिदै पूनः नापी गर्ने कार्य सम्पन्न गरि दिन नेपाल सरकार, नापी विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २४ :-

यस नगरपालिकाभित्र बस्ती विकाससँगसँगै वनजंगल तथा हरीयाली मासिदै जान थालेकाले यसबाट नगरको सौन्दर्य, वातावरण संरक्षण लगायतमा नकारात्मक असर परी भोलीका दिनमा पानीका मूलहरु सुकी पानीको कमी झन बढ्ने, मानवमैत्री वातावरण समेत कायम हुन सक्ने अवस्था नदेखिएकाले यसलाई समयमै संरक्षण गर्न बाटाका दायाँ बायाँ र सार्वजनिक स्थलहरुमा वृक्षारोपण, बगैचा निर्माण जस्ता नगरको सौन्दर्य वृद्धि र वातावरण मैत्री कार्यक्रमहरु यहाँका आमा समूह, महिला समूह, विभिन्न संघ संस्था तथा अन्य दातृ निकायहरुसंग समेत सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५ :-

संधीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको निर्देशिका अनुसार यस नगरपालिकामा नगरस्तरीय विपद व्यवस्थापन समिति लगायत वडास्तरीय विपद व्यवस्थापन समितिहरु समेत गठन भैसकेकोले नगर स्तरीय विपद व्यवस्थापन सम्बन्धी यस क्षेत्रमा कृयाशिल संघसंस्थाहरुसंग

गरिएको सम्भाव्यता सम्बन्धी प्रतिवेदनलाई आगामी आ.व.मा समेत सो कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २६ :-

यस नगरपालिकाभित्र एउटा पनि प्राविधिक शिक्षालय नहुदाँ यहाँबाट प्राविधिक जनशक्ति उत्पादन गर्न सकिएको छैन । प्राविधिक शिक्षालय स्थापना भए त्यसबाट यस नगरवासीले प्राविधिक शिक्षा आर्जन गर्न पाउनुकासाथै यही उत्पादित जनशक्तिबाट गुणस्तरयुक्त रुपमा क्षेत्रीयस्तरका जनतालाई बढी सेवा पाउन सक्ने अवस्थालाई मध्यनजर गरी शिक्षा मन्त्रालय लगायत सम्बद्ध निकायसंग एउटा सुविधासम्पन्न प्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक प्रक्रिया अघि बढाउँदिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २७ :-

यस आ.व. २०६९/०७० मा खरिद गरिएको बालुवा पत्थर, आवश्यक तालिम प्राप्त जनशक्ति एवं स्रोत, साधन जोगाएको कमीले गर्दा अदापी सञ्चालनमा ल्याउन सकिएको छैन । अत्यन्त न्यून आयस्तर भएको, आफ्नो कार्यालय भवन पनि नभएको यस नगरपालिकाले आफै यो सेवा सञ्चालन गर्न सक्ने अवस्था नभएकाले सुरक्षा निकाय वा अन्य वैकल्पिक व्यवस्था द्वारा सञ्चालन गर्ने व्यवस्था मिलाईदिन सशीय समिति तथा स्थानीय विकास मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २८ :-

नगरक्षेत्रका कतिपय व्यवसाय,सेवाबाट नगरपालिकाले प्राप्त गर्नुपर्ने सेवा शुल्क, कर, दस्तुर, राजस्व नपाइएकोले भन्ने विभिन्न अध्ययनले समेत देखाएकाले यसै आ.व. २०७९/०७९ को फागुन महिनादेखि कर सकलन गर्ने दोसीहन बढाइ कर सकलन गर्ने कार्यलाई व्यापकता दिई करको दायरा फराकिलो पारी आन्तरिक आय वृद्धी गरी नगरपालिकालाई आत्मनिर्भर बनाउँदै लैजाने नीति लिईएको छ । प्रोत्साहन स्वरुप कर सकलन गर्ने खटिइने टोलीलाई उनीहरुले कर सकलन गरेको आधारमा संकलित रकमको ३ प्रतिशतका दरले थप सुविधा समेत दिई प्रोत्साहित गरी आन्तरिक आय वृद्धि गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २९ :-

यस नगरपालिकाको दीर्घकालीन राजश्वको श्रोतको खोजी/ अध्ययन गर्दा प्रभावकारी श्रोतको रुपमा पर्यटन व्यवसाय देखिएकाले चालु आ.व. २०७९/०७९ देखि पर्यटकीय क्षेत्रहरुमा शौचालय, खानेपानी, सरफराई, पर्यटन सूचना केन्द्र, जानकारीमूलक पुस्तिका लगायत न्यूनतम पूर्वाधारहरुको विकास गरी संघीय समिति तथा स्थानीय विकास मन्त्रालयको स्वीकृत लिई नगरपालिकाको प्रवेश विन्दुको उपयुक्त ठाउँमा नै सार्क मूलुकका पर्यटकका लागि प्रति पर्यटक प्रतिदिन रु १०००- र अन्य मूलुकका पर्यटकका लागि प्रति पर्यटक प्रतिदिन रु ३०००- का दरले पर्यटक नगर प्रवेश शुल्क लगाई पर्यटन व्यवसायलाई समेत करको दायरामा ल्याई यसबाट प्रति वर्ष आय आर्जन गर्ने कार्यको थालनी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३० :-

स्थानीय सरकारको अवधारणा अनुसार यहाको आवश्यकता परिपूर्ति गर्नका लागि सदैव अरुको मुख ताक्ने प्रवृत्तिले गाउ आमै आत्मनिर्भर हुन नसक्ने, संघीयताको अवधारणामा जाने शिर्षक सोचले मूर्तरुप लिन सकेको यस घडीमा थप राजश्वका श्रोतहरुको पहिचान गरी आत्मनिर्भर उन्मुख हुन नयां राजश्वका श्रोतहरुको खोजी गरी परिचालन गरिनु अत्यावश्यक भएकाले यसै आर्थिक वर्ष २०७९/०७९ मा संघीय

[illegible] तथा स्थानीय विकास मन्त्रालयसंग पर्याप्त पोखरीको व्यवस्थापन गर्ने व्यवस्था मिलाई दिन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३१ :-

विकास निर्माण व्यवसाय सम्पूर्ण कामका सबैको संलग्न सहभागिता एवं साझा दायित्व बोध गराई निरन्तर इमान्दार र लगनशील रुपमा काम गर्ने कर्मचारीलाई हौसला दिएर गर्न गराई उत्प्रेरणा थप जोड, जाँगरमा वृद्धि भई समय रुपमा नगरपालिकाबै काम कारबाहीमा सकारात्मक परिवर्तन आउने हुँदा यसै आर्थिक वर्षदेखि उत्कृष्ट काम गर्ने कर्मचारी एवं निर्माण व्यवसायी उपभोक्ता समूह समेतलाई पुरस्कार सिफारिस समितिको सिफारिस बमोजिम आधारमा कलिमपा पनि एक एक जना व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने प्रथालाई थालनी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२ :-

विकासमा सञ्चारको महत्वपूर्ण भूमिका रहन्छ । साथै हरेक गतिविधिको नगरवासीहरुमा सिन्यक सन्देश प्रवाह गरी विश्वसनता, पारदर्शिता एवं गुणस्तरीयता कायम गर्न साथै हरेक गतिविधिहरुमा निरन्तर सहभागी हुन स्थानिय रुपमा श्रव्यदृश्य विकासमा सञ्चार साधन बजेट विनियोजन गरी सम्पर्कसापेक्ष नगरवासीहरुमा सुसूचित गराउने निर्णय गरियो ।

निर्णय नं. ३३ :-

देशकै सबैभन्दा जेठो र ठूलो विश्वविद्यालय यसै कीर्तिपुर नगरपालिकाभित्र रहेको छ । स्थानीय सरकारको अवधारणा अनुसार नगरका सबै विकासहरुमा नगरपालिकाको प्रतिनिधित्व रहने कानुनी व्यवस्था छ । यस नगरमा सञ्चालित सबै विकासहरुमा नगरपालिकाको प्रतिनिधित्व हुने व्यवस्था भएकाट ती विकासहरुले सञ्चालन गर्ने विभिन्न क्रियाकलापहरुका बारेमा नगरपालिकालाई जानकारी हुने, कतिपय विषयमा समन्वय/सहकार्य समेत हुने/गर्ने गरिएको छ । विश्वविद्यालय सभाका नगरपालिकाको प्रमुख पदेन सदस्य रहने व्यवस्था हुनु उल्लेखित दुवै निकायका लागि आवश्यक देखिएकाले सो सभाका यस कीर्तिपुर नगरपालिकाका प्रमुख पदेन सदस्य हुने व्यवस्था मिलाई नगरपालिकाको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउन वि.वि.वि. लाई पुनः अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४ :-

परिवर्तित अवस्थामा साविकको कर्मचारी संगठन संरचना र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएकाले संगठन विकास कार्यक्रमलाई समयसापेक्ष परीमार्जन गर्ने सभीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने साथै वरिष्ठ लेखा अधिकृत श्री सानुबाबु परियारको संयोजकत्वमा गठित कार्यदलबाट प्रस्तुत प्रतिवेदन तत्काल कार्यान्वयनका लागि नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३५ :-

यस नगरको आवधिक योजना अध्यावधिक गर्नका लागि सघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३६ :-

पर्यटन गुरु योजना तयारीका लागि नेपाल पर्यटन बोर्डसंग सम्झौता र रु २,००,०००।०० निकास प्रमेत भई सहकार्य भैरहेकोमा सीघ्र सो काम सम्पन्न गर्ने आवश्यक व्यवस्था मिलाईदिन उक्त बोर्डसंग पु अनुरोध गरी पर्यटन गुरुयोजना निमार्णको कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७ :-

फोहरमैला संकलन एवं विसर्जन गर्ने कार्य परम्परागत रुपमा नगरपालिकाले नीजि क्षेत्रको सहकार्य/साझेदारीमा गर्दै आएको छ । यसबाट फोहरमैला संकलन एवं विसर्जन कार्य हुदै गरेपनि त्यो त्यति व्यवस्थित र भरपर्दो हुन सकिरहेको छैन् । यहां भएका केही नीजि संस्थाहरुको पनि क्षमता विकास र आर्थिक एवं प्राविधिक विकासका लागि नेपाल सरकारको निर्णयानुसार हाल कार्यरत संघसंस्थाहरुले पनि अन्तिम विसर्जन स्थल सिस्डोल, ओखरपौवा मै लैजानु पर्ने र दिर्घकालिन समस्या समाधनार्थ फोहरमैला व्यवस्थापन क्षेत्रमा काम गर्नेहरुको आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८ :-

यस नगरपालिकाको नगरस्तरीय एकिकृत योजना तर्जुमा समितिबाट सिफारिस भैआएका आगामि आ व २०७२/७३ का योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९ :-

कीर्तिपुर नगरलाई "बालमैत्री नगर" को रुपमा विकसित गर्न बालमैत्री स्थानीय शासन (CFLG - Child Friendly Local Governance) को अवधारणा अनुसार नेपाल सरकार र सम्बन्धित दातृ निकायहरुको समेत सहयोग लिई तदनुकूलको कार्यक्रम लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ४० :-

यस नगरपालिकामा २०७१ भाद्र १५ गते देखि राष्ट्रिय भवन संहिता (National Building Code) लाई लागु भैसकेको र सो को लागि भुकम्पीय प्रतिरोधात्मक क्रियाकलापहरु नगरपालिका संग सहकार्य गरी जनचेतना जागरण, तालिम, विपद व्यस्थापन योजना जस्ता कार्यक्रमहरु संचालन गर्न सरोकारवाला दातृ निकाय, अन्य संघ संस्थाहरुलाई अनुरोध गर्ने तथा भवन निर्माण सम्बन्धमा देहाय अनुसारका नियमहरु लागु गर्ने निर्णय गरियो ।

क) भवन निर्माण ईजाजत पत्र दिने सम्बन्धमा देहाय बमोजिम हुने छ ।

अ) २०७१ साल माघ १ भन्दा अगाडी दर्ता हुन आएका आवेदनका हकमा पिलर साइज ९ ईन्च x १२ ईन्च को पिलर भएमा वढीमा ३ तल्ला र भऱ्याङ्ग छोप्ने मात्र हुनु पर्ने र सो भन्दा माथिको तल्ला भए ईन्जिनियरिङ्ग काउन्सीलमा दर्तावाला ईन्जिनियरद्वारा Structural Design गराई भवन सुरक्षित छ भन्ने प्रमाणित गरी पेश भएको हुनु पर्ने र Designer को ईन्जिनियरिङ्ग काउन्सीलको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने ।

आ) २०७१ साल माघ १ गते र सो भन्दा पछि दर्ता हुन आएका आवेदनका हकमा ३ तल्ला र भऱ्याङ्ग छोप्ने सम्म पिलर साइज कम्तीमा १२ ईन्च x १२ ईन्च हुनु पर्ने र सो भन्दा माथिको तल्ला भए ईन्जिनियरिङ्ग काउन्सीलमा दर्तावाला ईन्जिनियरद्वारा Structural Design गराई भवन सुरक्षित छ भन्ने प्रमाणित गरी पेश भएको हुनु पर्ने र Designer को ईन्जिनियरिङ्ग काउन्सीलको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने ।

ख) मिति २०७१ साल माघ १ गते र सो पछि निर्माण सम्पन्न प्रमाणपत्र लिई सकेकाको हकमा पूनः तल्ला थप गर्न दिईने छैन ।

ग) नगरपालिकाबाट स्वीकृत नक्सामा थपघट गरी निर्माण कार्य गरेमा निर्माण सम्पन्न प्रमाण पत्र दिईने छैन ।

निर्णय नं. ४१ :-

कीर्तिपुर नगरपालिकाको विभिन्न देशका नगरपालिकाहरुसंग कला, संस्कृति र विकासात्मक गतिविधिहरको आदानप्रदान गरी नगरलाई अन्तराष्ट्रिय स्तरमा समेत परिचित बनाउन भगिनी सम्बन्ध स्थापनाका लागी पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ४२ :-

यस कीर्तिपुर नगरपालिका कार्यालयमा सहायक स्तर ,पाँचौ तह (प्राविधिक) लोडर अपरेटर पदमा स्थायी रुपमा कार्यरत श्री उद्धव भारतीलाई नगरपालिकाको फोहरमैला व्यवस्थापन जस्तो संवेदनशील एवं चुनौतीपूर्ण कार्यमा हरहमेशा परिचालन गर्नुपर्ने साथै कार्यकारी अधिकृतको सवारी चालकलाई पनि बिहान/बेलुका तथा विदाका दिनहरुमा समेत परिचालन गर्नुपर्ने भएकोले उल्लेखित दुवै जनालाई काम गरेको दिनको प्रति दिन रु. १०० (अक्षेरुपी एक सय मात्र) का दरले मिति २०७० माघ १ गते देखि लागु हुने गरी खाना खर्च उपलब्ध गराउने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ४३ :-

२० औं नगरपरिषदका निर्णय, आय व्यय (बजेट), योजना तथा कार्यक्रमहरुको विवरण तथा प्रमुख एवं कार्यकारी अधिकृतज्यूको नीतिगत वक्तव्य सहितको विवरण यहि २०७१ साल पौष ३० गते बुधवार यस काठमाडौं निर्वाचन क्षेत्र नं. १० का निर्वाचित संविधान सभाका माननीय सभासद श्री राजेन्द्र कुमार के.सी.ज्यूको प्रमूख आतिथ्य र राजनैतिक दलहरु, विषयगत कार्यलय, संम्वन्धित सरोकारवाला संघसंस्थाहरु र नगरिक समाजका प्रतिनिधीहरुको उपस्थितीमा वडा नं. ३ स्थित कीर्तिपुर हिल साईड होटल एण्ड रिसोर्टमा एक औपचारीक समारोह आयोजना गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

बुँदा नं. ४४ :-

नगर परिषद नगरपालिकाको सर्वोच्च निकाय रहेको तथा परिषद तयारीका क्रममा कार्य एवम विषयको गाम्भीर्यतालाई विचार गरी अरुवेला भन्दापनि थप मेहनत र लगनशिल भै कम्तीमा १ महिना अगाडी देखि काम गर्नु पर्ने भएकोले सम्पूर्ण कर्मचारीहरुलाई नगरपरिषद तयारी बापत प्रत्येक कर्मचारीलाई निजले खाईपाई आएको आधारभूत तलबको १ महिना बराबरको नगरपरिषद भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

बुँदा नं. ४५ :-

चालू आ.व. २०७१/०७२ का लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा नेपाल सरकारका विभिन्न निकायबाट अख्तियारी आउनमा ढिलाई भएको र गत १९ औं नगरपरिषदबाट पारीत बजेट अनुमानमा भन्दा वृद्धि भई प्राप्त भएको हुँदा नगरपालिकाका बजेट भेलाबाट प्राप्त माग एवं योजना तथा प्राविधिक शाखाको सिफारिस समेतका आधारमा गत १९ औं नगरपरिषदबाट स्विकृत बजेट, योजना तथा कार्यक्रममा संलग्न अनुसूचि बमोजिम संशोधन गर्ने निर्णय गरियो ।